## मिति २०७७।०४।२३ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रदेश विकास समस्या समाधान समितिको सदस्य तोक्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको गण्डकी विश्वविद्यालयको लागि थप जग्गा उपलब्ध हुन नेपाल सरकारमा अनुरोध गर्ने।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सिरानचोक गाउँपालिका, गोरखाको केन्द्र परिवर्तनका लागि नेपाल सरकारमा सिफारिस गर्ने।

४. भौतिक पूर्वाधार विकास मन्त्रालयको विद्युत विस्तार कार्यको सम्झौता पत्र संशोधन गर्ने।

५. सामाजिक विकास मन्त्रालयको अस्थायी दरवन्दी सिर्जना गर्ने।

६. सामाजिक विकास मन्त्रालयको व्यवसायिक तथा सीप विकास तालिम केन्द्रहरु र रोजगार सूचना केन्द्र, पोखराको अस्थायी दरवन्दी स्वीकृत गर्ने।

७. सामाजिक विकास मन्त्रालयको गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिने।

८. हालै आएको अविरल वर्षादका कारण यस प्रदेशका विभिन्न जिल्लामा बाढी पहिरो आई ठूलो धन जनको क्षति भएको प्रति गहिरो दुःख व्यक्त गर्दै बाढी पहिरोबाट मृत्युवरण गर्नुभएका नागरिकहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्ने शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्ने, उक्त बाढी पहिरोमा परी घाइते हुनुभएका नागरिकहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने, हालसम्म वेपत्ता हुनुभएका नागरिकहरुको खोजीकार्य जारी राख्दै विपदबाट प्रभावितहरुको उद्दार तथा राहत, पुनस्थापना सम्बन्धी कार्यलाई उच्च प्राथमिकता साथ अघि बढाउने।

## मिति २०७७।०४।२९ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आ.व. ०७७/७८ को वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना स्वीकृत गर्ने।